# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.सं. :- ०७९।०८०

च.नं. :- ०३

मिति : २०७९।०४।०४

श्री वडा सचिव सबै,
किस्पाङ गाउँपालिका,
नुवाकोट ।

विषय: निर्देशन कार्यन्वयन गराउने सम्बन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको मिति २०७९।०४।०१, च.नं. ९ को पत्रानुसार गत आ.ब. मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले यस आ.ब मा पनि भत्ता प्राप्त गर्नको लागि अनिवार्य रुपमा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था अनुरुप यस गाउँपालिका भित्रका सम्पुर्ण वडा कार्यलयहरुले **आजको मिति देखि भाद्र मसान्त सम्ममा** अनिवार्य रुपमा नवीकरण गरी एम.आई.एस सिस्टममा अनिवार्य रुपमा अद्यावधिक गर्नुहुन अनुरोध छ । **साथै ६८ वर्ष उमेर पुगेका र रितपुर्वक निवेदन आएका महानुभावहरुको निवेदन संकलन गरी राख्नु हुन अनुरोध छ ।**

**पुनश्च :**

१) भाद्र मसान्त भित्र अनिवार्य नवीकरण गर्नुपर्ने ।

२) गत आ.ब मा भत्ता प्राप्त गरिरहेको भएतापनि भाद्र मसान्त भित्रमा अनिवार्य रुपमा नवीकरण नभएमा सम्बन्धित लाभग्राहीको लगत कट्टा हुने हुँदा पुन नयाँ लाभग्राहीको रुपमा दर्ता गर्नुपर्ने भएकोले विचको अवधिको भत्ता छुट्ने हुँदा अनिवार्य रुपमा नवीकरण गर्नु गराउनु हुन ।

३) वडा भित्रका लाभग्राहीहरुलाई वडा समिति र अन्य आवश्यक संयन्त्र परिचालन गरी नवीकरण गर्न सहजिकरण गर्ने व्यवस्था मिलाउने ।

४) नवीकरण छुट भई भत्ता निकासा हुनु नसकेमा सम्बन्धित वडा कार्यालय जवाफदेही हुनुपर्नेछ ।

५) उमेर पुगेका नयाँ लाभग्राहीको दर्ता निरन्तर रुपमा गर्ने ।

**बोधार्थ :**

१) श्रीमान गाउँपालिका अध्यक्ष/उपाध्यक्ष ज्यु - जानकारीको लागि ।

२) श्री वडा अध्यक्ष ज्युहरु सवै - वडा समिति परिचालन गरी सवै लाभग्राहीहरुको परिचयपत्र नवीकरण गर्ने व्यवस्था मिलाउनु हुन ।

३) श्री सुचना तथा प्रविधि शाखा - वेभसाईटमा अपलोड गर्नुहुन ।

२०७९।०४।०४

..............................

चक्र साउद

नि.प्रमुख प्रशासकीय अधिकृत